निर्णयहरू:-

१. सामुदायिक प्रहरी केन्द्र, हेटौंडाको कभर्डहलमा हेटौंडास्थित निजी अस्पतालहरूले कम्तिमा ५० बेडको HDU सहितको अस्थायी कोभिड अस्पताल सञ्चालन गर्ने ।

२. जिल्लास्थित सरकारी तथा निजी अस्पतालहरूमा उपलब्ध स्वास्थ्य क्षेत्रका जनशक्तिहरूको विवरण अध्यावधिक गरी कोभिड-१९ उपचारमा परिचालन गर्नका लागि हेटौंडा अस्पतालका चिकित्सकको नेतृत्वमा देहायबमोजिमको एक समिति गठन गर्ने । सो समितिले विवरण एवं परिचालनको खाका समेत तयार गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, मकवानपुरलाई मिति २०७८-०१-२० गतेभित्र उपलब्ध गराउने ।

| | |
|---|---|
| चिकित्सक प्रतिनिधि | हेटौंडा अस्पताल, हेटौंडा |
| प्रतिनिधि | हेटौंडास्थित निजी अस्पतालहरू |
| प्रतिनिधि | मकवानपुर टेक्नीकल इन्स्टिच्युट |

३. स्थानीय तह अन्तर्गतका विद्यालयहरूमा कार्यरत स्टाफ नर्सहरूलाई सम्बन्धित स्थानीय तहहरूले कोभिड-१९ उपचारमा खटाउने र सो को विवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, मकवानपुरलाई उपलब्ध गराउने ।

४. कोभिड-१९ का बिरामी बोक्ने एम्बुलेन्सका चालकहरूलाई सम्बन्धित स्थानीय तहहरूले नै नियमानुसार जोखिम भत्ता उपलब्ध गराउने ।

५. श्री स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र, काठमाडौंको च.नं. १५५०, मिति २०७८-०१-१६ को पत्रबाट जिल्लामा जुनसुकै निकायहरूबाट सञ्चालित एम्बुलेन्सहरू जिल्लाभित्र एकीकृतरूपमा परिचालन गर्ने भनी लेखी आएको हुँदा जिल्लामा सञ्चालित एम्बुलेन्सहरुको एकीकृत विवरण तयारी गरी सबैको जानकारीको लागि सार्वजनिक गर्ने र एम्बुलेन्स सम्बन्धी विषय हेर्नका लागि Focal Person को रूपमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रशासकीय अधिकृत श्री दिलिप कुमार श्रेष्ठलाई तोक्ने । साथै, एम्बुलेन्स सञ्चालक/चालकहरूले बिरामी लिई जिल्ला बाहिर जानुपर्ने भएमा Focal Person लाई जानकारी गराई मात्र जाने ।

२०७८/१/१९

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी